# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं श्रावण २० गते २०१५ साल [ संख्या १७

### कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको निर्वाचन कमिशन ( विशेष अधिकार ) नियम, २०१४ सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी तथा यस सम्बन्धमा अघि भएका आदेशसमेत खारेज गरी सरकारले देहायका नियमहरू बनाएकोछ :—

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः — (१) यी नियमहरूको नाम निर्वाचन कमिशन ( विशेष अधिकार) नियम, २०१४ रहेकोछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

(क) "कमिशन" भन्नाले नेपाल अन्तरिम शासन विधानको दफा ६६ बमोजिम स्थापित निर्वाचन कमिशन सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "चीफ इलेक्शन कमिश्नर" भन्नाले नेपाल अन्तरिम शासन विधानको दफा ६३ (२) बमोजिम नियुक्त चीफ इलेक्शन कमिश्नरलाई सम्झनुपर्छ।

३. कमिशनको सरकारसंग सम्पर्कः— कमिशनले बजेट, ऐन, नियम, दरबन्दीमा थप र अरू कुनै बिषय सरकारमा पेश गर्दा कानून तथा संसदीय प्रबन्ध सचिवालय मार्फत पेश गर्नेछ।

४. कमिशनले सोझै लेखापढी गर्न सक्नेः— निर्वाचन सम्बन्धी काममा कमिशनले सरकारको कुनै सचिवालय बिभाग वा अड्डासंग कुनै कुरामा सहयोग माग्न परेमा वा कुनै कुराको सोधनी गर्न परेमा त्यस्तो सचिवालय बिभाग वा अड्डासंग सोझै लेखापढी गर्न सक्नेछ र कमिशनले त्यस्तो सहयोग मागेकोमा सबै सचिवालय वा बिभाग अड्डाले पूर्ण सहयोग दिनुपर्छ र जबाफ मागेकोमा कमिशनलाई सोझै जबाफ दिई त्यसको बोधार्थ पनि तालुक अड्डामा दिए हुन्छ।

५. सरकारी कर्मचारीको कर्तव्य र उत्तरदायित्वः— (१) निर्वाचनको कार्यक्रम बमोजिमको काम गर्न गराउन कमिशनले अनुरोध गरेकोमा सो अनुरोध बमोजिम काम गर्नु गराउनु सबै सरकारी कर्मचारीहरूको कर्तव्य हुनेछ। निर्वाचन सम्बन्धी काममा सम्बन्धित सरकारी कर्मचारीहरूको नेकिबदीको रेकर्ड राख्ने प्रबन्ध हुनेछ र ती कर्मचारीको प्रमोशन हुँदा वा निजामति सेवा नियमावलीको परिच्छेद १० बमोजिम त्यस्ता कर्मचारीलाई कुनै सजाय गर्दा त्यस्तो नेकिबदीको रेकर्ड समेत बिचार गरिनेछ। कुनै सरकारी कर्मचारीले आफूले गर्नु पर्ने काम समय समयमा नगरी दिएमा त्यस्तो सरकारी कर्मचारीलाई नोकरीबाट हटाउने सम्म सिफारिश कमिशनले सरकारमा गर्नेछ। आफ्नो कार्यक्रम बमोजिम भए गरेको कामको सूचना निर्वाचन कमिशनले सरकारमा दिनेछ।

(२) निर्वाचन कमिशनको मातहतका इत्यादी कर्मचारीहरूलाई भर्ना प्रमोशन तथा खोस्ने अधिकार चीफ इलेक्शन कमिश्नरलाई हुनेछ।

६. चीफ निर्वाचन कमिश्नरले बैठक बोलाउन सक्नेः— (१ निष्पक्ष औ सुचरुरूपले निर्वाचन गराउन निर्वाचन सम्बन्धी कुनै विषयमा राजनैतिक पार्टीहरूसंग छलफल गर्न वा सल्लाह लिन आवश्यक देखेमा चीफ इलेक्शन कमिश्नरले राजनैतिक पार्टीका नेता वा प्रतिनिधि हरूलाई बोलाई छलफल गर्न सक्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम छलफल गर्न उपस्थित भएका राजनैतिक पार्टीका नेता वा प्रतिनिधिलाई त्यस्तो छलफल गर्न उपस्थित भएको प्रत्येक दिनको रु २५। (पच्चीस) का दरले सवारी भत्ता चीफ इलेक्शन कमिश्नरले दिनेछन् ।

७. बैठकमा उपस्थित हुनु पर्नेः— बैठकमा उपस्थित हुनु पर्ने निर्वाचन सम्बन्धी कुन विषयमा छलफल गर्न कमिशनबाट लेखिआएमा विभागीय प्रमुख उपस्थित हुनेछन् तर विशेष अवस्थामा काम विशेषले उपस्थित हुन नसकेमा कारण खोली अरू कचाका सेक्रेटरीसम्म पठाउन सक्नेछन् ।

८. रकमहरू सोझै प्राप्त हुनेः— कमिशनको निमित्त सरकारबाट स्वीकृत बजेटभित्र परेका रकमहरू चीफ इलेक्शन कमिश्नरको लेखोटबमोजिम कमिशनलाई सोझै प्राप्त हुनेछ ।

९. रकमान्तर गर्नेः— निर्वाचन सम्बन्धी अत्यावश्यक काम पर्न आएमा चीफ इलेक्शन कमिश्नरले कमिशनको स्वीकृत बजेटभित्र परेको एका रकमको रूपैयाँ अर्को रकममा खर्च गर्न सक्नेछन् । तर त्यसो गर्दा निजले कुनै पदको संख्यामा वृद्धि गर्न वा कुनै पदलाई तोकिएको तलब भत्ता घटाउन वा बढाउन हुँदैन ।

१०. भइपरी आउने काममा खर्च गर्नेः— निर्वाचन सम्बन्धी कुनै काममा अपझट खर्च गर्नु पर्ने अवस्था पर्न आएमा चीफ इलेक्शन कमिश्नरले सो कामको निमित्त कमिशनमा राखिएको साविन्दा मौजदात मोरू ३००० तीन हजार र भा.रू. ३००० तीन हजार मध्येबाट खर्च गर्ने आदेश दिन सक्नेछन् ।

११. मिनाहा मोजरा फरफारकः— निर्वाचन सम्बन्धी कामको निमित्त श्री चीफ इलेक्शन कमिश्नर वा इलेक्शन कमिश्नरको आदेशले गरेको नगदी जिन्सीको खर्चको फांटवारी कमिशनले ठहर गरी सिधै एकाउण्टेण्ट जनरल अफिसमा पठाई सो अफिसबाट जाँचबुझ गरी मिन्हा गरि दिएको फांटवारी निर्वाचन कमिशनको खर्च लेख्ने अड्डालाई पठाई दिनेछ ।

१२. माल सामान खरीद गर्नेः— निर्वाचनको कामको निमित्त आवश्यक परेको मालसामानहरू तुरुन्त खरीद गर्नु पर्दा चीफ इलेक्शन कमिश्न-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रले कुनैएक कामको निमित्त एक हजार रुपैयाँसम्म मोल पर्ने माल किन्न वा किन्ने आदेश दिन सक्नेछन्

१३. <u>सरकारी सवारी दिनु पर्नेः</u>— निर्वाचनको काममा कुनै निर्वाचन कमिश्नर वा कमिशनका कर्मचारी मोफसलमा गएको बखत निजहरूलाई निर्वाचन सम्बन्धी काममा आवश्यक परेमा उपलब्ध सरकारी सवारी सरोकारवाला सरकारी कर्मचारीले दिने दिलाउनेछन् ।

१४. <u>कमिशनका कर्मचारीहरूलाई सुविधाः</u>— निर्वाचनको काममा चीफ इलेक्शन कमिश्नर कतै जानु आउनु पर्दा हवाइमार्गबाट जान आउन सक्नेछन् र कमिशनको अन्य कर्मचारीहरूलाई खटाउदा जरूरीको कारणले हवाईमार्गबाट पठाउनु पर्ने आवश्यक देखेमा चीफ इलेक्शन कमिश्नरले हवाई मार्गबाट पठाउन सक्नेछन् ।

१५. <u>कमिश्नरहरूलाई मद्दतः</u>— इलेक्शन कमिश्नरहरू जिल्ला इलाकामा निर्वाचनको काममा जाँदा सुरक्षाको निमित्त चाहिने पुलीस सो जिल्लाबाट लिन र सरोकारवाला अफिसरले पनि तुरुन्त खटाइ दिनु ।

१६. <u>दैनिक भत्ताः</u>— निर्वाचन सम्बन्धी काममा जिल्ला भ्रमणमा जाँदा चीफ इलेक्शन कमिश्नर र अरू इलेक्शन कमिश्नरहरूले प्रति दिन रु १० । (दश) का दरले दैनिक भत्ता पाउनेछन् ।

१७. <u>यी नियम बमोजिम हुनेः</u>— यी नियमहरूमा लेखिएका कुरामा यी नियमहरू बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले—
नयनबहादुर खत्री क्षत्री
सचिव-कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।